# २०८१ असोज २१ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| 1 | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | थाईल्याण्डको बैंककमा २०८१ कात्तिक ६ देखि ८ सम्म आयोजना हुने Transforming Care: Building Alliances, Empowering Women, Reshaping Economies बिषयक कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य गीता कुमारी पौड्याल अधिकारीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| 2 | अर्थ मन्त्रालय | मुलुकको अर्थतन्त्रको समग्र क्षेत्रमा सुधारको लागि रायसहितको प्रतिवेदन पेश गर्न पूर्वसचिव श्री रामेश्वरप्रसाद खनालको संयोजकत्वमा पाँच सदस्यीय आर्थिक सुधार सुझाव आयोग गठन गर्ने। |
| 3 | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | चालु आर्थिक वर्ष २०८१/०८२ का लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत विभिन्न आयोजना/ निकायका लागि कुल २६६ राजपत्राङ्कित पदहरूको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| 4 | युवा तथा खेलकुद मन्त्रालय | २०८१ कात्तिक १ देखि ३ गतेसम्म रसियामा आयोजना हुने XXII International Sports Forum "Russia-Country of Sports" विषयक कार्यक्रममा माननीय युवा तथा खेलकुद मन्त्रीलाई सहभागी हुन स्वीकृति दिने। |
| 5 | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | आरोहणको लागि थप ५७ वटा हिमाल खुला गर्न स्वीकृति दिने। |
| 6 | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | हुलाक सेवा विभाग र अन्तर्गतका निकायहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने। |
| 7 | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | दूरसञ्चार (दशौं संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने। |
| 8 | शहरी विकास मन्त्रालय | २०८१ कात्तिक १९ देखि २३ सम्म इजिप्टको कायरोमा आयोजना हुने World Urban Forum–12 सम्मेलनमा माननीय उपप्रधानमन्त्री एवम् शहरी विकास मन्त्रीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| 9 | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | २०८१ असोज २७ मा जर्मनीको बर्लिनमा सञ्चालन हुने Community Health Delivery Partnership Event during the World Health Summit-2024 कार्यक्रममा माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| 10 | शेयर तथा ऋण लगानी नीति, २०८१ स्वीकृत गर्ने। | |
| 11 | बीउ बिजन नियमावली, २०८१ स्वीकृत गर्ने। | |